# स्वचालित मार्ग (अटोमेटिक रुट) मार्फत विदेशी लगानी स्वीकृति हुने प्रणाली कार्यान्वयनमा ल्याइएको सम्बन्धी सूचना ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्रीज्यूबाट तेस्रो लगानी सम्मेलनको अवसरमा मिति २०८१/०१/१७ गते स्वचालित मार्ग (अटोमेटिक रुट) मार्फत विदेशी लगानी स्वीकृत हुने गरी उद्योग विभागले तयार गरेको विद्युतीय प्रणाली (www.imis.doind.gov.np) को उद्घाटन गरी विभागले उक्त प्रणाली कार्यान्वयनमा ल्याएको व्यहोरा जानकारी गराइन्छ।

स्वचालित मार्ग (अटोमेटिक रुट) बाट कुल पूँजी ५० करोड रुपैयाँसम्म हुने गरी शत प्रतिशत शेयर स्वामित्व वा संयुक्त लगानीमा नयाँ कम्पनी संस्थापना गर्न वा विदेशी लगानीमा संस्थापना भई सञ्चालनमा रहेको विदेशी लगानिकर्ताले त्यस्तो कम्पनीमा पूँजी वृद्धिका लागि लगानी गर्न स्वचालित मार्ग मार्फत निवेदन दिई स्वतः स्वीकृति प्राप्त गर्न सक्नेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८०/०६/१५ को नेपाल राजपत्रमा प्रकाशित उद्योग व्यवसायका क्षेत्रका लागि विदेशी लगानी स्वीकृत गर्न विदेशी लगानीकर्ताले स्वचालित मार्ग (अटोमेटिक रुट) मार्फत निवेदन दिई विदेशी लगानी स्वीकृति गरिएको पत्र ईमेल मार्फत आवेदन दिने बित्तिकै प्राप्त गर्न सक्ने र सोही आधारमा कम्पनी दर्ता गर्न सक्नेछन । सूचना प्रविधिमा आधारित उद्योगहरुको लागि स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्दा लगानीको न्यूनतम सीमा लागु नभएको समेत जानकारी गराउदछौं ।

## स्वचालित मार्ग (अटोमेटिक रुट) मार्फत विदेशी लगानी स्वीकृति गर्ने प्रक्रिया

स्वचालित मार्ग (अटोमेटिक रुट) बाट विदेशी लगानी स्वीकृति लिन चाहने विदेशी लगानीकर्ताले विभागले संचालन गरेको विद्युतीय प्रणाली (www.imis.doind.gov.np) मा Login गरी सो प्रणालीले माग गरे बमोजिमको विवरण तथा कागजात त्यस्तो प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

विद्युतीय प्रणालीमा विदेशी लगानी स्वीकृतिको लागि आवश्यक विवरण तथा कागजात प्रविष्ट गरे पछि त्यस्तो लगानी स्वीकृतिको लागि विद्युतीय प्रणालीमा पेश गर्नु भन्दा पहिले सम्बन्धित विदेशी लगानीकर्ताले प्रविष्ट गरेको विवरण तथा कागजात जाँच गर्नु तथा सच्याउनु पर्ने भएमा सच्याउन सक्नेछ ।प्रविष्ट गरिएको विवरण तथा कागजात विदेशी लगानीकर्ताले जाँच गरी आवश्यकता अनुसार सच्याए पछि विदेशी लगानी स्वीकृतिको लागि विभागको विद्युतीय प्रणालीमा पेश गर्न सक्नेछ।

विदेशी लगानी स्वीकृतिको लागि विभागको विद्युतीय प्रणालीमा निवेदन प्राप्त भए पश्चात त्यस्तो प्रणालीबाट विदेशी लगानीकर्तालाई निजले प्रविष्ट गरेको इमेल ठेगानामा आवेदन नम्बर सहितको निजको लगानी स्वीकृत भएको जानकारी (कन्फर्मेसन) दिइनेछ । त्यस्तो जानकारीको अतिरिक्त विदेशी लगानीकर्ताले लगानी स्वीकृत भएको पत्र विभागको विद्युतीय प्रणालीबाट समेत प्राप्त गर्न सक्नेछ ।

विदेशी लगानी स्वीकृतिको जानकारी दिए पछि ऐन तथा नियमावली बमोजिम निजको विदेशी लगानी स्वत: स्वीकृत भएको मानिनेछ ।

**नोटः** *विद्युतीय प्रणालीले माग गरे अनुसारका विवरण तथा कागजातहरु सही एवं आधिकारिक हुनुपर्ने, फरक परेमा सो को जिम्मेवारी स्वयं लगानीकर्ता नै हुने।*

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, विदेशी लगानी शाखा, त्रिपुरेश्वर, काठमाण्डौ

उद्योग विभाग, त्रिपुरेश्वर